# दाङ देउखुरी जिल्ला अदालत
# घोराही,दाङ

**(प्रशासन शाखा)**

email- admin.dcdang@supremecourt.gov.np

चलानी नं. ८०३५

मितिः-२०७८/१/१५

**विषयः- सेवाप्रवाह स्थगन गरिएको सम्बन्धी सूचना ।**

नोवेल कोरोना भाइरस (कोभिड -१९ ) को नया भेरियन्ट विश्वव्यापी महामारीको रुपमा फैलिएको र दाङमा पनि त्यसको संक्रमण तीव्ररुपमा वढिरहेको सन्दर्भमा संक्रमण फैलावट रोक्न तथा नियन्त्रणका लागि सम्मानीत सर्वोच्च अदालतले मिति २०७८/१/१४ गते जारी प्रेस विज्ञप्ती तथा जिल्ला प्रशासन कार्यालय दाङबाट जारी निषेधाज्ञा सम्बन्धी सूचनालाई दृष्टिगत गरि यस अदालतमा मिति २०७८/१/१५ गते वसेको वार वेञ्चको बैठकको निर्णयानुसार स्वास्थ्य सुरक्षाको मापदण्डको अनिवार्य रुपमा पालना गर्दै यस अदालतबाट प्रदान गरिदै आएको देहायका सेवाहरु वाहेक अन्य सवै सेवाहरु मिति २०७८/१/१६ गते देखि २०७८ वैशाख मसान्त सम्मकालागि स्थगन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धीत सवैको जानकारीका लागि यो सूचना जारी गरीएको छ ।

**तपसिल**

- वन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता तथा सोको सुनुवाई ।
- पक्राउ पुर्जी जारीको अनुमती , जरुरी पक्राउ पुर्जीको स्वीकृतीको अनुमती र C.D.R को अनुमती प्रदान गरिने कार्य ।
- अनुसन्धानमा रहेका व्यक्तिहरुको म्याद थप।
- अनुसन्धानको क्रममा हिरासतमा रहेका अभियुक्तहरुको अभियोग पत्र दर्ता ,वयान थुनछेक आदेश ।
- घरेलु हिंसाको फिराद दर्ता लगायत अन्तरिम संरक्षणात्मक आदेशको लागि दायर हुने निवेदन।
- कसुर कायम भई सजाय निर्धारणको लागि यस पूर्व दिन किटान गरिएका मुद्दाहरुमा सजाय निर्धारण।

धनसिंह गिरी
श्रेस्तेदार (उप सचिव)

श्रेस्तेदार उप-सचिव